# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, कार्तिक १९ गते २०२३ साल [ अतिरिक्ताङ्क ३१

### श्री ५ को सरकार

### मन्त्रि-परिषद् सचिवालयको

### सूचना

श्री ५ को सरकारबाट भएको निर्णयबमोजिम निम्नलिखित मर्यादाक्रम सर्वसाधारण-को जानकारीको लागि प्रकाश गरिएको छ ।

मर्यादाक्रमः—

१. श्री ५ महाराजाधिराज, श्री ५ बडा महारानी ।

२. श्री ५ युवराजाधिराज, श्री ५ युवारानीधिरानी ।

३. श्री ५ मुमा बडा महारानी ।

४. श्री ५ युवराजाधिराजका जेष्ठ अधिराजकुमार ।

५. श्री ५ अधिराजकुमारहरू, अधिराजकुमारीहरू ।

६. श्री अध्यक्ष, मन्त्रि—परिषद् ।

७. श्री प्रधान न्यायाधीश ।

८. श्री अध्यक्ष, राष्ट्रिय पञ्चायत ।

९. राजपरिवारका अन्य राजकुमार, राजकुमारी ।

१०. श्री उपाध्यक्ष, मन्त्रि—परिषद् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226(१)

११. श्री मन्त्रीहरू, राजसभाका स्थायी समितिका सभापति ।

१२. श्री ५ का छोरी ज्वाइंहरू, श्री राजसभाका स्थायी समितिका सदस्यहरू (श्री बडागुरुज्यू, प्रधान सेनापति, श्री ५ को प्रमुख सचिव र श्री ५ को सरकारका गृह सचिव बाहेक) मन्त्रिस्तरीय पदाधिकारीहरू ।

१३. श्री बडागुरुज्यू, श्री ५ को अन्य राजकुमारी ज्वाइंहरू ।

१४. श्री भू. पू. प्रधानमन्त्रीहरू ।

१५. श्री विदेशी राजदूतहरू, सर्वोच्च अदालतका न्यायाधीशहरू ।

१६. श्री उपाध्यक्ष राष्ट्रिय पञ्चायत, सहायक मन्त्रीहरू, फील्ड मार्शल, अनरेरी हिज हाइनेस र हर हाइनेस, प्रधान सेनापति, सहायक मन्त्रिस्तरीय पदाधिकारीहरू ।

१७. श्री विदेशी मिनिष्टरहरू, मिशनका प्रमुखहरू ।

१८. श्री ५ बाट मनोनीत साहेवज्यूहरू ।

१९. श्री अडिटर जनरल, अध्यक्ष लोकसेवा आयोग, प्रमुख निर्वाचन आयुक्त ।

२०. श्री नेपाली राजदूतहरू, एटर्नी जनरल, मुख्य न्यायाधीशहरू, विश्वविद्यालय र एकेडेमीका भाइस चान्सलरहरू, राष्ट्रबैंकका गभर्नर, नायव बडागुरुज्यू, वर्गीय संगठनका केन्द्रीय सभापति ।

२१. श्री रा.पं. का सदस्यहरू, राजाहरू, श्री ५ बाट मनोनीत चौतरियाहरू, लोकसेवा आयोगका सदस्यहरू, निर्वाचन आयुक्तहरू, मूल प्रोहित र राज–प्रोहित ।

२२. श्री ५ का प्रमुख सैनिक सचिव, श्री ५ का प्रमुख सचिव, श्री ५ का प्रमुख निजी सचिव, श्री ५ का प्रमुख स्वकीय सचिव ।

२३. श्री मुख्य सचिव, श्रीमहारथी, रथी, श्री ५ का ए. डी. सी. (अवैतनिक) महारथी, श्री ५ का सचिवहरू, श्री ५ को सरकारका सचिवहरू, अञ्चलाधीशहरू, श्री ५ को सरकारका विशिष्ट श्रेणीका निजामती कर्मचारीहरू, उपरथी, आई. जी. पी., एकेडेमीका सदस्यहरू ।

२४. श्री ५ को सरकारका प्रथम श्रेणीका कर्मचारीहरू, सहायक रथी, डी. आई. जी ।

२५. विदेशी राजदूतावासका काउन्सेलरहरू ।

२६. विदेशी राजदूतावासका प्रथम सचिवहरू, श्री ५ का नायव सचिवहरू, श्री ५ को सरकारका द्वितीय श्रेणीका निजामती कर्मचारीहरू, नेपाली कन्सल जनरल, श्री ५ को सहायक सचिवहरू, महासेनानी, प्रमुख सेनानी, एस. पी. ।

२७. राजदरबारका मेसोर्ड र सेप्टर्ड बियरर, डाक्टर, कविराज, वैद्य, डेण्टिश, फोटोग्राफर, होमियोपेथिक (डाक्टर) ददा, द्वारे, चोबदार मार्शल ।

२८. श्री ५ को सरकारका तृतीय श्रेणीका कर्मचारीहरू, सेनानी, डी. एस. पी., कन्सल, सह-सेनानी, उप-सेनानी, इन्स्पेक्टर, भाइस कन्सल, सहायक सेनानी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण:–

(१) उप-रथीहरू र आई. जी. पी. मा नियुक्ति क्रमबमोजिम जेष्ठता कायम हुने छ ।

(२) शाही नेपाली राजदूतहरू नेपालमा रहंदा आफ्-आफ्नो साबिक दर्जा अनुसारको मर्यादाक्रम रहने छ ।

(३) मर्यादाक्रमको सूचीको क्रमसंख्या २४ र त्यसपछिको एउटै क्रमको संख्यामा परेका उही पदहरूमा रहेका पदाधिकारीहरूको क्रम नियुक्ति मितिको क्रमानुसार हुने छ ।

मिति २०२२।६।५ को नेपाल गजेट भाग ४ (अतिरिक्तांक १६) मा प्रकाशित मर्यादाक्रम सूची खारेज गरिएको छ ।

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको मुख्य सचिव ।

श्री ५को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।